फोन नं : ०६७-४३०१०२,१०३,१०४

फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खानीगाउँ, पर्वत

गण्डकी प्रदेश, नेपाल

प.सं.: ०७९/८०

च.नं. : १२१६८

मिति :२०७९।१०।०९

**विषय** : सूचना प्रकाशन तथा प्रचार प्रसार सम्वन्धमा ।

**श्री वडा कार्यालयहरु सवै,**

**फलेवास नगरपालिका , पर्वत ।**

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं २७९ मिति २०७९।१०।०४ को पत्रानुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्धारा वैदेशिक रोजगारीवाट फर्किएर स्वदेशमा उद्यम गरी बसेका उद्यमीलाई राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि आवेदन दिने सम्वन्धी सूचना प्रकाशित गरिएकोमा उक्त सूचना अनुसार विस्तृत व्यहोरा अवगत गरि सोही अनुसार गर्नु/गराउनुहुन आदेशानुसार अनुरोध छ ।

***पुनश्च*** *: श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सूचना यसैसाथ संलग्न छ ।*

.............................

नेत्रप्रसाद पौडेल

**प्रमुख प्रशासकीय अधिकृत**

दर्ता नं.: १ ८९२
दर्ता मिति : २०७९/१०/०९

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं
फोन नं. ०१-४२००३०४

पत्र सं.:- ०७९/८०

चलानी नं.:- २७९

मितिः- २०७९/१०/०४

विषयः- जानकारी सम्बन्धमा।

श्री स्थानीय तह (सवै)।

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं. रो.स.सु २२ मिति २०७९/०९/२८ को सूचना प्रकाशन सम्वन्धी पत्र र सो पत्रसाथ प्राप्त वैदेशिक रोजगारीवाट फर्किएर स्वदेशमा उद्यम गरी बसेका उद्यमीलाई राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि आवेदन दिने सम्वन्धी सूचना आवश्यक जानकारीको लागि यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

चिरञ्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः
श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबार।
श्री सूचना तथा प्रविधि शाखाः- इमेल मार्फत जानकारी गराइदिनुहुन।

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

## (रोजगार समन्वय तथा सूचना शाखा)

सिंहदरबार
काठमाण्डौ, नेपाल

च.न.:- रो.स.सु. ०७९/८० — २२

मिति: २०७९/०९।२८

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- २३३०
दर्ता मिति:- ९।२९

विषय: सूचना प्रकाशन सम्बन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ ।

यस मन्त्रालयबाट चालु आ.व. २०७९/०८० मा प्रदान गरिने "वैदेशिक रोजगारबाट फर्किएर स्वदेशमा उद्यम गरी बसेका उद्यमीलाई राष्ट्रिय सम्मान तथा पुरस्कार" को लागि आवेदन माग गरिएको सूचना यसैसाथ संलग्न छ । तहाँबाट उक्त सूचना स्थानीय तहको(वडास्तरसम्म पुग्ने गरी) वेवसाइट तथा सूचनापाटीमा प्रकाशन गर्ने व्यवस्था मिलाइदिनु हुन निर्णयानुसार अनुरोध छ ।

(रमेश नेपाल)
कम्प्युटर अधिकृत

फोन न. ४२००४७६ फ्याक्स न. ०१-४२११८७७ Website :www.moless.gov.np E-mail info@moless.gov.np

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी बसेका उद्यमीलाई राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि आवेदन दिने सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मितिः- २०७९।०९।२९

वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी राष्ट्रिय उत्पादन र रोजगारीमा योगदान गरिरहेका उद्यमीहरुलाई उनीहरुको योगदानको कदरस्वरुप पुरस्कृत गरी स्वरोजगारीलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रदान गरिने पुरस्कारका लागि देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकले "**विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि (संसोधन समेत), २०७६**" को अनुसूची २ अनुसारको आवेदन फाराम भरी खामवन्दी गरी तपसिलमा उल्लेखित कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन (मिति २०७९।१०।१९ गते) भित्र यस मन्त्रालयको रोजगार समन्वय तथा सूचना शाखामा दर्ता गराउन वा स्क्यान गरी मन्त्रालयको इमेल ठेगाना info@moless.gov.np मा पठाउनु हुन अनुरोध गरिन्छ ।आवेदनको फाराम र सो सम्बन्धी कार्यविधि यस मन्त्रालयको वेवसाइट www.moless.gov.np बाट download गर्न सकिनेछ। थप जानकारी लागि www.moless.gov.np हेर्नुहुन वा फोन नं. ०१-४२००४७६/मो. नं.: ९८४०६१०६३० मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

| आवश्यक योग्यता | अनुसूची फाराम २ साथ संलग्न गर्नुपर्ने कागजात ( प्रतिलिपिको हकमा स्वयं प्रमाणित गर्नुपर्ने) |
|---|---|
| • कार्य भिसामा विदेश गई कम्तिमा १ वर्ष काम गरी फर्किएको,<br>• वैदेशिक रोजगारीबाट नेपाल फर्की व्यवसाय सञ्चालन गरेको न्यूतमन १ वर्ष पुरा भएको,<br>• विगत ५ वर्ष भित्र यस मन्त्रालयबाट यसप्रकारको पुरस्कार प्राप्त नगरेको । | १) नेपाली नागरिकताको प्रतिलिपि,<br>२) श्रम स्वीकृतिको प्रतिलिपि,<br>३) भिसा सहितको राहदानीको प्रतिलिपि,<br>४) व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>५)आय कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>६) गत आ.व. २०७८।०७९ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,<br>७) यसअघि पुरस्कार प्राप्त नगरेको स्वघोषणा । |

**पुनश्चः** विगत वर्षहरुमा यस प्रकारको पुरस्कारको लागि आवदेन पेश गरेका तर पुरस्कारको लागि छनौटमा नपरेका उद्यमीहरुले समेत आवेदन दिन सक्नेछन् ।